# सञ्चार माध्यममा प्रकाशित

# बालबालिका सम्बन्धी विभिन्न घटनाहरूको प्रथम चौमासिक स्थिति विश्लेषण

## आ. व. २०७५/७६ (साउन - कार्तिक)

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**केन्द्रीय बाल कल्याण समिति**


पुल्चोक, ललितपुर

फोन नं.:- ०१-५५५०१२४/१४७

Website:- www.ccwb.gov.np

Email:–crmccwb@gmail.com

E-Portal:- childrights.gov.np

# पृष्ठभूमि

बालबालिकालाई हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव, अपहरण, उपेक्षा, हेपाइ र बेवास्ता जस्ता हानिकारक अभ्यासबाट संरक्षण गर्नु सबैको दायित्व हो । बालबालिकाको हक, हित र अधिकारका लागि संवैधानिक, कानूनी, नीतिगत व्यवस्था गरी विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेको भएता पनि बालबालिका विरूद्धका थुप्रै घटनाहरू समाजमा घटिरहेका छन् । बाल दुर्व्यवहार जोकसैबाट जहाँपनि हुनसक्ने भएकाले यस बारेमा बालबालिकादेखि अभिभावकसम्म सबै सतर्क, सचेत र सजग रहन आवश्यक छ । सूचना प्रविधिको विकासक्रमसँगै बाल अधिकार सम्वर्द्धन सम्बन्धी सम्बन्धित सरोकारवालाहरूको प्रयत्न, बहस र पैरवीका कारण पछिल्लो समयमा बाल अधिकार हनन्का घटनाहरूका सम्बन्धमा आम नागरिकमा संवेदनशीलता बढ्दै गएको छ । तैपनि प्रवृत्तिगत सामाजिक गलत मूल्य मान्यता र अन्धविश्वासका कारण कतिपय घटनाहरू बाहिर आउन सकिरहेका छैनन् । यसकारण बालबालिका विरूद्ध घटेका बाल अधिकार उल्लंघनका घटनाहरूको जानकारी गराई बाल संरक्षणमा सहयोग पुऱ्याउन केन्द्रीय बाल कल्याण समितिले हरेक चौमासिक/वार्षिकमा सञ्चार माध्यमबाट प्रकाशमा आएका खासगरी बाल संरक्षणसँग सम्बन्धित घटनाहरूलाई समेटेर चौमासिक/वार्षिक जानकारी पत्र तयार गरी प्रकाशित गर्ने गरेको छ ।

यस चौमासिक पत्रमा २०७५ साल साउनदेखि कार्तिकसम्म आमसञ्चार माध्यममा प्रकाशमा आएका बाल अधिकार हनन्का घटनाहरूलाई समेटेर तयार गरिएको छ । यस पत्रमा समेटिएका विषयहरू: बाल यौन दुर्व्यवहार र बलात्कार, मृत्यु, बाल विवाह, हत्या, बाल श्रम, बालबालिकाको बेचविखन तथा ओसार पसार, अपहरण, बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजाय, आत्महत्या लगायतका घटनाहरूको विश्लेषण गरिएको छ । यस स्थिति पत्रले समाजमा बालबालिका विरूद्ध भएका घटनाहरूको अवस्था चित्रण गर्नुका साथै बालबालिकाको संरक्षणको सवाललाई प्रतिनिधिमूलक रूपमा उजागर गरेको छ ।

## बालबालिका विरूद्ध घटेका विभिन्न घटनाहरू

विभिन्न पत्रपत्रिका, अनलाईन लगायतका सञ्चार माध्यममा यस अवधिमा बालबालिका विरूद्ध भएका २०४ वटा घटनालाई विश्लेषण गरिएको छ । जसमा ३१५ जना बालबालिका प्रत्यक्ष रूपमा प्रभावित तथा पीडित भएको देखिन्छ । महिनाको आधारमा उक्त घटना संख्यालाई निम्न अनुसार वर्गीकरण गरिएको छः-

| **महिना** | **घटना संख्या** | **प्रभावित बालबालिका** | | | |
|---|---|---|---|---|---|
| | | **बालक** | **बालिका** | **शिशु** | **जम्मा** |
| साउन | ७३ | ४७ | ५९ | ३ | १०९ |
| भदौ | ३५ | १३ | ३२ | १ | ४६ |
| असोज | ४८ | १३ | ७४ | १ | ८८ |
| कार्तिक | ४८ | २१ | ५१ | ० | ७२ |
| **जम्मा** | **२०४** | **९४** | **२१६** | **५** | **३१५** |

प्रभावित बालबालिकालाई लैङ्गिक रूपमा विश्लेषण गर्दा सबैभन्दा बढी २१६ जना बालिका पीडित भएको पाइएको छ भने ९४ जना बालक र ५ जना शिशु ( लिंग पहिचान नभई हत्या वा मृत्यु भएका बालबालिका) समेत घटित घटनाबाट प्रभावित भएको पाइएको छ ।

| **घटना** | **घटनामा प्रभावित बालबालिका संख्या** | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **साउन** | | | | **भदौ** | | | | **असोज** | | | | **कार्तिक** | | | | **जम्मा** | | | |
| | **बालक** | **बालिका** | **शिशु** | **जम्मा** | **बालक** | **बालिका** | **शिशु** | **जम्मा** | **बालक** | **बालिका** | **शिशु** | **जम्मा** | **बालक** | **बालिका** | **शिशु** | **जम्मा** | **बालक** | **बालिका** | **शिशु** | **जम्मा** |
| बाल यौन दुर्व्यवहार तथा बलात्कार | १ | ३० | ० | ३१ | ० | ११ | ० | ११ | ० | ३४ | ० | ३४ | ० | २२ | ० | २२ | १ | ९७ | ० | **९८** |
| मृत्यु | २० | १७ | १ | ३८ | ५ | १३ | ० | १८ | ६ | २ | ० | ८ | १० | ९ | ० | १९ | ४१ | ४१ | १ | **८३** |
| बालविबाह | १ | ४ | ० | ५ | १ | २ | ० | ३ | १ | ३३ | ० | ३४ | ७ | ७ | ० | १४ | १० | ४६ | ० | **५६** |
| हत्या | ६ | ५ | २ | १३ | २ | ० | १ | ३ | ० | २ | १ | ३ | ३ | २ | ० | ५ | ११ | ९ | ४ | **२४** |
| बालश्रम | ६ | १ | ० | ७ | ३ | ५ | ० | ८ | ४ | ० | ० | ४ | १ | ० | ० | १ | १४ | ६ | ० | **२०** |


| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बेचविखन तथा ओसार पसार | ६ | ० | ० | ६ | ० | ० | ० | ० | ० | ३ | ० | ३ | ० | ८ | ० | ८ | ६ | ११ | ० | १७ |
| आत्महत्या | २ | १ | ० | ३ | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ३ | ० | ३ | २ | ५ | ० | ७ |
| अपहरण | ४ | १ | ० | ५ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | १ | ० | ६ |
| शारिरीक तथा मानसिक सजाय | १ | ० | ० | १ | १ | ० | ० | १ | २ | ० | ० | २ | ० | ० | ० | ० | ४ | ० | ० | ४ |
| **जम्मा** | ४७ | ५९ | ३ | १०९ | १३ | ३२ | १ | ४६ | १३ | ७४ | १ | ८८ | २१ | ५१ | ० | ७२ | ९४ | २१६ | ५ | ३१५ |

यसरी यस अवधिमा बाल यौन दुर्व्यवहार र बलात्कार, मृत्यु, बाल विवाह, हत्या, बाल श्रम, बालबालिकाको बेचविखन तथा ओसार पसार, आत्महत्या अपहरण र बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजाय लगायत ९ वटा घटनाहरूलाई निम्नानुसार विश्लेषण गरिएको छः-


## (क) बाल यौन दुर्व्यवहार र बलात्कार

यस चौमासिकमा विभिन्न सञ्चार माध्यममा ९८ जना बालबालिकामाथि बाल यौन दुर्व्यवहार र बलात्कार भएका घटनाहरू प्रकाशमा आएका छन् । महिनाको आधारमा सबैभन्दा बढी ३४ जना बालबालिका असोज महिनामा पीडित भएका छन् र यस अवधिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

| महिना | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| साउन | १ | ३० | ३१ |
| भदौ | ० | ११ | ११ |
| असोज | ० | ३४ | ३४ |
| कार्तिक | ० | २२ | २२ |
| **जम्मा** | **१** | **९७** | **९८** |




यस अवधिमा १ जना बालक विदेशी नागरिकबाट बाल यौन दुर्व्यवहारमा परेका छन् भने ९७ जना बालिका बलात्कृत भएका छन् । स्विस नागरिक पिटर भन्ने व्यक्तिले फेसबुकबाट चिनजान गरी नेपाल आएर बाल यौन दुर्व्यवहार गरेका थिए र निजमाथि कानूनी कारवाही अगाडि बढाइएको छ । बालिका बलात्कार भएका घटनामध्ये १२ जना बालिका सामूहिक बलात्कारमा परेका छन् । घटनालाई हेर्दा सामूहिक बलात्कारमा परेकी २ जना बालिका सुस्त मनस्थितिका थिए । बलात्कारका घटनाहरूलाई विश्लेषण गर्दा सबैभन्दा बढी चिनजानको व्यक्तिबाट ३६ जना बालिका बलात्कार भएका छन् । त्यसैगरी छिमेकीबाट १९ जना, आफ्नै बुबा तथा हाडनाताबाट १७ जना, प्रधानाध्यापक तथा शिक्षकबाट ६ जना, सरकारी कर्मचारीबाट ३ जना, घरेलु बाल श्रममा रहेका ४ जना र अपरिचित व्यक्तिबाट ११ जना बालिका बलात्कृत भएका छन् । हाडनाताबाट बलात्कार भएका १७ जना बालिका मध्ये ९ जना बालिका आफ्नै बुबाबाट बलात्कार भएका छन् । बलात्कारमा संलग्न अभियुक्तमध्ये १५ जना बालकहरू नै रहेको देखिन्छ भने ६० वर्ष माथिका व्यक्तिबाट ७ जना बालिका बलात्कृत भएका छन् ।




बलात्कारबाट पीडित भएका बालिकाको उमेर समूहका आधारमा विश्लेषण गर्दा ५ वर्ष वा सोभन्दामुनि ९ जना, ६ देखि १० वर्षका १९ जना, ११ देखि १४ वर्षका ४४ जना र १५ देखि १८ वर्षका २५ जना बालिका रहेका छन् । सबैभन्दा कम उमेरको महोत्तरीमा ८ महिने बालिकालाई अपहरण पश्चात बलात्कार गरी

हत्या गरिएको छ भने ११ देखि १४ वर्ष उमेरका बालिकाहरू धेरै संख्यामा बलात्कारबाट पीडित भएका देखिन्छन् । उक्त घटना मध्ये सर्वाधिक चर्चामा रहेको साउन महिनामा कञ्चनपुरकी १३ वर्षे बालिका निर्मला पन्तलाई बलात्कार पछि हत्या गरेको घटनाका विषयमा हालसम्म पनि सत्यतथ्य बाहिर आउन सकिरहेको छैन । तर अनुसन्धान जारी छ ।

| **पीडित बालिका संख्या** | **उमेर** |
|---|---|
| ५ वर्ष मूनीका | ९ |
| ६ देखि १० वर्ष | १९ |
| ११ देखि १४ वर्ष | ४४ |
| १५ देखि १८ वर्ष | २५ |
| **जम्मा** | **९७** |


यस अवधिमा ४६ जिल्लामा भएका जम्मा घटनाहरू मध्ये बाल यौन दुर्व्यवहार र बलात्कार भएका जिल्ला र बालबालिकाको संख्यालाई तलको तालिकामा देखाइएको छः-

| **जिल्ला** | **जिल्ला संख्या** | **जम्मा पीडित बालबालिका संख्या** |
|---|---|---|
| ५ बालिका पीडित भएका जिल्लाः सप्तरी र पाल्पा | २ | १० |
| ४ बालिका पीडित जिल्लाः मोरङ, झापा, उदयपुर, पर्वत, रौतहट, सुर्खेत, र बाँके | ७ | २८ |
| ३ बालिका (काठमाडौंमा १ बालक) पीडित भएका जिल्लाः पर्सा, सुनसरी, काठमाडौं, दाङ, ललितपुर, रूपन्देही र चितवन | ७ | २१ |
| २ बालिका पीडित भएका जिल्लाः काभ्रेपलाञ्चोक, तेह्रथुम, कैलाली, नवलपरासी, पाँचथर, म्याग्दी, जाजरकोट, डोटी र महोत्तरी | ९ | १८ |
| १ बालिका पीडित भएका जिल्लाः कञ्चनपुर, धादिङ, ताप्लेजुङ, कालिकोट, सर्लाही, इलाम, सिराहा, दोलखा, कास्की, डडेल्धुरा, ओखलढुङ्गा, बाग्लुङ, स्याङ्जा, रोल्पा, अछाम, बझाङ, रूकुम पश्चिम, गुल्मी, बर्दिया, रूकुम पूर्व, भक्तपुर | २१ | २१ |
| **जम्मा** | **४६** | **९८** |

जिल्लागत रूपमा विश्लेषण गर्दा सबैभन्दा बढी सप्तरी र पाल्पामा ५/५ जना बालिका बलात्कारबाट पीडित भएका छन् ।


## (ख) मृत्यु

यस अवधिमा विभिन्न कारणले गर्दा ८३ जना बालबालिकाको मृत्यु भएको छ् ।





सबैभन्दा बढी साउन महिनामा ३८ जना बालबालिकाको मृत्यु भएको देखिन्छ भने अन्य महिनाहरूमा कार्तिक, भदौ र असोजमा क्रमशः १९, १८ र ८ जना बालबालिकाको मृत्यु भएको छ । उक्त मृत्युका घटनालाई विश्लेषण गर्दा बाढी पहिरोमा परी सबैभन्दा बढी १८ जना बालबालिकाले ज्यान गुमाएका छन् भने नदी, पोखरीमा डुबेर वा बगेर १७ जना, सडक दुर्घटनामा परेर ११ जना, सर्पको टोकाइबाट ७ जना, खाल्डोमा परेर र करेन्ट लागेर ६/६ जना र अन्य कारण (चितुवाको आक्रमण, झाडापखाला, आगोले पोलेर, चट्याङ, भिरबाट लडेर) ले १८ जना  बालबालिकाको मृत्यु भएको छ ।

यस अवधिमा मृत्यु भएका बालबालिकाको संख्यालाई लैङ्गिक रूपमा हेर्दा बालिका ४१ जना र बालक ४१ जना र शिशु १ जना रहेका छन् । त्यसैगरी उमेरगत समूहका आधारमा विश्लेषण गर्दा शिशुदेखि ५ वर्ष उमेरका ९ जना, ६ देखि १० वर्ष उमेरका २८ जना र ११ देखि १८ वर्षका ४६ जना रहेका छन् ।




### (ग) बाल विवाह

नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागू गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याएको छ । बाल विवाह विरूद्धका विभिन्न कार्यक्रम सञ्चालन र प्रयासहरू हुँदाहुँदै पनि बाल विवाहका घटनाहरूमा कमि भएको देखिदैंन।




यस अवधिमा विभिन्न ९ जिल्लाहरूमा ४६ वटा बाल विवाहका घटनामा ५६ जना बालबालिकाले विवाह तथा विवाह गर्ने क्रममा रोकेको देखिन्छ । प्रकाशमा नआएका बाल विवाहका घटनाहरू थुप्रै हुनसक्ने अनुमान गर्न सकिन्छ। बाल विवाहका घटनाहरूको वर्गीकरण गर्दा बालक र बालिका दुबै २० जना (१० विवाह) ले उमेर नपुग्दै विवाह गरेको छन् भने २ बालिकाको विवाह अनमेलसँग भएको देखिन्छ। साथै ३४ जना बालिकाको वयस्क पुरूषसँग विवाह भएको पाइएको छ । बाल विवाह भएका ५६ जनामध्ये अभिभावकद्वारा २६ जना, आफू खुशी वा भागी विवाह १०, सामाजिक सञ्जाल र फेसबुक मार्फत उमेर नपुग्दै २० जनाको बाल विवाह भएको छ। यसैगरी बाल विवाहलाई लैङ्गिक रूपमा विश्लेषण गर्दा बालक १० जना र बालिका ४६ जना रहेका छन्।




जिल्लागत रूपमा हेर्दा कालीकोट जिल्लामा सबैभन्दा बढी २६ जना बालबालिकाको बाल विवाह भएको घटना प्रकाशमा आएको छ। बाल विवाह


गरेका अधिकांस जोडीहरूलाई नेपाल प्रहरीले सम्झाई बुझाई गरी उनीहरूको शैक्षिक निरन्तरताको लागि अभिभावकलाई सल्लाह तथा सुझाव दिएको छ । जिल्लागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-

| क्र.सं | जिल्लाहरू | जम्मा |
|---|---|---|
| १ | कालीकोट | २६ |
| २ | सुर्खेत | १२ |
| ३ | बाँके | ५ |
| ४ | मकवानपुर | ५ |
| ५ | झापा | २ |
| ६ | बैतडी | २ |
| ७ | रूकुम पश्चिम | २ |
| ८ | खोटाङ | १ |
| ९ | सुनसरी | १ |
| जम्मा | | ५६ |

यस अवधिमा भएका ४६ वटा बाल विवाह मध्ये १० वटा नेपाल प्रहरीबाट र ४ वटा बाल क्लब बाट गरी जम्मा १४ वटा बाल विवाह रद्द भएका छन् ।
सूचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै विवाह गर्ने घटनाक्रम स्वयम् बालबालिका बाटै हुने गरेको पाइएको छ ।


## (घ) हत्या

पछिल्लो समयमा बालबालिकालाई विभिन्न बहाना बनाई समाजमा हत्या गर्ने प्रचलन बढदै गएको पाइएको छ । बालबालिकालाई विभिन्न कारणले हत्या गरेका घटना सार्वजनिक भएका




छन् । यस चौमासिकमा बालबालिका हत्याका २४ वटा घटना सार्वजनिक भएका छन् । सबैभन्दा बढी साउन महिनामा १३ वटा घटना भएका छन् भने कार्तिकमा ५ तथा भदौ र असोजमा ३/३ जना बालबालिकाको हत्या भएको छ । हत्या भएका बालबालिका मध्ये घरायसी कलहका कारण  ११ जना को हत्या भएको छ । साथै सौतेनी आमा वा बाबुले गरेको हत्या ६ जना, अवैध सम्बन्धका कारण ५ जना र अपहरण पछि २ जना बालबालिकाको हत्या गरेको देखिन्छ । हत्या भएका बालबालिकालाई लैङ्गिक रूपमा हेर्दा बालक ११ जना, बालिका ९ र शिशु ४ जना गरी २४ जना बालबालिकाको हत्या भएको देखिन्छ ।

## (ङ) बाल श्रम




बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनै पनि स्वरूपमा श्रमिकका रूपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ । बाल श्रम समाजको एक दुःखद् यथार्थता भएता पनि यस अवधिमा बाल श्रम सम्बन्धी २० वटा घटनाहरू प्रकाशमा आएका छन् । महिनाको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी भदौमा ८, साउनमा ७ तथा असोजमा ४ जना र कार्तिकमा १ जना बालबालिकालाई बाल श्रममा दुरूपयोग गरिएको देखिएको छ ।




बालबालिकालाई श्रममा प्रयोग गरेको प्रकृतिलाई हेर्दा घरेलु तथा होटल श्रमिकका रूपमा सबैभन्दा बढी ८ जना रहेको छ भने भारतमा काम गर्नको लागि ५ जना, सार्वजनिक यातायातमा श्रमिकको रूपमा ३ जना, ईट्टा उद्योगमा र लागू औषध ओसार पसारमा २/२ जना बालबालिका संलग्न रहेको पाइएको छ ।


बाल श्रममा प्रयोग गरिएका बालबालिकालाई

लैङ्गिक रूपमा हेर्दा बालक १४ जना र बालिका ६ जना रहेका छन् ।

उमेर समूहका आधारमा १० वर्ष वा सो भन्दामुनिको १ जना, ११ देखि १४ वर्षको ९ जना र १५ देखि १८ वर्षको १० जना रहेका छन् ।


## (च) बालबालिका बेचविखन तथा ओसार पसार

बालबालिकालाई विभिन्न प्रलोभनमा पारी बेचबिखन तथा ओसार पसार गर्ने घटना समाजमा रही रहेका छन् । यस अवधिमा विभिन्न सञ्चार माध्यममा प्रकाशित घटनाहरूलाई विश्लेषण गर्दा १७ जना बालबालिका बेचबिखन तथा ओसार पसारमा परेका छन् ।




यस अवधिमा सबैभन्दा बढी कार्तिकमा ८ जना बालबालिका बेचविखन तथा ओसार पसारमा परेका छन् भने साउनमा ६ र असोजमा ३ जना रहेका छन् । जसमा ६ जना बालक र ११ जना बालिका छन् । यस्ता घटनाहरूबाट प्रभावित बालबालिका मध्ये १३ जना बालबालिका चिनजानको व्यक्तिबाट बाल श्रम तथा अन्य कामका लागि छिमेकी मुलुकमा भारततर्फ बेचविखन तथा ओसार पसार गरी लैजाँदै गर्दा प्रहरीले पक्राउ गरेको घटना रहेको छ भने ४ जना बालकलाई भारतमा लागू औषध ओसार पसारमा संलग्न गराएको पाइएको छ । यस अवधिमा देशका विभिन्न ८ वटा जिल्लाबाट बालबालिकालाई बेचविखन तथा ओसार पसारमा परेको समाचार प्रकाशमा आएको पाइएको छ ।


## (छ) आत्महत्या




यस अवधिमा ७ जना बालबालिकाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेहरूमा ५ जना बालिका र २ जना बालक रहेका छन् । उमेरगत रूपमा १४ देखि १७ वर्ष उमेरका बालबालिका

रहेका छन् । उक्त  बालबालिका मध्ये ४ जनाले घरायसी झगडाको कारण आत्महत्या गरेको पाइएको छ भने १ जना बालिकाले प्रेम सम्बन्ध असफल भएको कारण आत्महत्या गरेका छन् ।

### (ज) अपहरण




यस अवधिमा ६ जना बालबालिकाको अपहरण गरिएको घटनाहरू प्रकाशमा आएका छन् । अपहरण गरिएका ६ बालबालिका मध्ये २ जना बालबालिकाको अपहरणपछि हत्या गरिएको छ भने ४ जना अपहरणबाट मुक्त गरिएको छ । अपहरण गर्नुका कारणहरूमा ३ जना फिरौती, १ जना पारिवारिक रिसिवी र २ जना बालबालिकाको अपहरण गरिएको कारण खुलेको छैन । अपहरण परेका मध्ये १ जना बालिका र ५ जना बालक रहेका छन् । उमेर समूहका आधारमा विश्लेषण गर्दा सबैभन्दा सानो डेढ वर्षको समेत गरी २ जना बालक १० वर्षमुनिका थिए भने ११ वर्षदेखि १४ वर्षका ३ जना र सोभन्दा माथि १ जना रहेका छन् ।

### (झ) शारीरिक तथा मानसिक सजाय

विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरूमा बालबालिकालाई विभिन्न खाले शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ । यस अवधिमा विभिन्न सञ्चार माध्यममा ४ वटा शारीरिक सजायका घटनाहरू सार्वजनिक भएका छन् । महिनाका आधारमा असोज महिनामा २ तथा साउन र भदौमा १/१ वटा घटना भएको देखिन्छ । तलको तालिकामा विद्यालयमा को कसबाट शारीरिक सजाय दिने गरिन्छ भन्ने विवरण प्रस्तुत गरिएको छः-

| कोबाट | | लैङ्गिक रूपमा | | पिटाईको अवस्था | | विद्यालयका आधारमा | |
|---|---|---|---|---|---|---|---|
| प्रधानाध्यापकबाट | २ | बालक | ४ | सामान्य | १ | सामुदायिक | १ |
| शिक्षक पुरूष | २ | बालिका | ० | गम्भीर चोट | ३ | संस्थागत | ३ |

उल्लिखित सजायका घटनाहरूबाट बालक मात्र पीडित भएको पाइन्छ । शारीरिक सजाय दिनेहरूमा विद्यालय प्रधानाध्यापक (पुरूष) दुई जना, पुरूष शिक्षक २ जना छन् । शारीरिक सजाय दिनुपर्ने कारणहरूमाः साथीसँग झगडा गरेको, गृहकार्य नगरेको, विद्यालय ढिलो आएको आदि घटनाको निहुँमा भएको देखिन्छ । पिटाई खाने मध्ये ३ जना बालकले गम्भीर खाले चोट पाएका छन् । साथै शारीरिक सजाय पाउने ३ जना बालक संस्थागत विद्यालयका छन् भने १ जना सामुदायिक विद्यालयका रहेका छन् । सामुदायिक विद्यालयहरू भन्दा संस्थागत विद्यालयमा शारीरिक सजाय दिने प्रचलन बढी रहको देखिन्छ ।

## बालबालिका विरूद्ध जिल्ला तथा प्रदेशमा घटेका घटनासम्बन्धी विवरण

यस पत्रमा उल्लिखित बालबालिका विरूद्धका विभिन्न ९ वटा घटनाहरू सबै प्रदेशका ६३ जिल्लाहरूमा घटेको पाइएको छ । बालबालिका विरूद्ध घटेका घटनाबाट पीडित बालबालिकाको संख्यालाई निम्नानुसार उल्लेख गरिएको छः-

| क्र.सं. | जिल्ला | घटना संख्या | बालक | बालिका | शिशु | जम्मा पीडित बालबालिका संख्या |
|---|---|---|---|---|---|---|
| | **प्रदेश नं. १** | | | | | |
| १ | ओखलढुङ्गा | १ | ० | १ | ० | १ |
| २ | खोटाङ | २ | ३ | १ | ० | ४ |
| ३ | तेह्रथुम | १ | ० | १ | ० | १ |
| ४ | पाँचथर | ४ | १ | ३ | ० | ४ |
| ५ | इलाम | ४ | ० | ६ | ० | ६ |
| ६ | झापा | ७ | २ | ६ | ० | ८ |
| ७ | मोरङ | ७ | १ | ६ | ० | ७ |
| ८ | सुनसरी | ६ | १ | ५ | १ | ७ |
| ९ | उदयपुर | ६ | १ | ६ | ० | ७ |
| १० | ताप्लेजुङ | २ | ० | २ | ० | २ |
| | **जम्मा** | **४०** | **९** | **३७** | **१** | **४७** |
| | **प्रदेश नं. २** | | | | | |
| १ | सप्तरी | ७ | १ | ६ | ० | ७ |
| २ | सिरहा | २ | १ | १ | ० | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | धनुषा | १ | १ | ३ | ० | ४ |
| ४ | महोत्तरी | ५ | २ | ४ | ० | ६ |
| ५ | सर्लाही | २ | २ | १ | ० | ३ |
| ६ | रौतहट | ३ | ० | ५ | ० | ५ |
| ७ | बारा | ४ | ६ | १ | ० | ७ |
| ८ | पर्सा | ७ | ३ | ४ | १ | ८ |
| | **जम्मा** | **३१** | **१६** | **२५** | **१** | **४२** |
| | **प्रदेश नं. ३** | | | | | |
| १ | दोलखा | २ | २ | १ | ० | ३ |
| २ | सिन्धुपाल्चोक | २ | २ | ० | ० | २ |
| ३ | धादिङ | २ | १ | १ | ० | २ |
| ४ | काठमाडौं | ६ | ३ | ४ | १ | ८ |
| ५ | भक्तपुर | ३ | २ | २ | ० | ४ |
| ६ | ललितपुर | ३ | ० | ४ | ० | ४ |
| ७ | काभ्रेपलाञ्चोक | २ | ० | ४ | ० | ४ |
| ८ | सिन्धुली | १ | ० | १ | ० | १ |
| ९ | मकवानपुर | २ | १ | ५ | ० | ६ |
| १० | चितवन | ७ | २ | ६ | ० | ८ |
| | **जम्मा** | **३०** | **१३** | **२८** | **१** | **४२** |
| | **गण्डकी प्रदेश** | | | | | |
| १ | गोरखा | १ | १ | १ | ० | २ |
| २ | म्याग्दी | २ | ० | २ | ० | २ |
| ३ | कास्की | २ | १ | २ | ० | ३ |
| ४ | लमजुङ | १ | ० | ० | १ | १ |
| ५ | तनहुँ | २ | १ | १ | ० | २ |
| ६ | नवलपरासी ((बर्दघाट सुस्ता पुर्व) | १ | ० | १ | ० | १ |
| ७ | स्याङजा | २ | ० | २ | ० | २ |
| ८ | पर्वत | ४ | १ | ४ | ० | ५ |
| ९ | बागलुङ | १ | ० | १ | ० | १ |
| | **जम्मा** | **१६** | **४** | **१४** | **१** | **१९** |
| | **प्रदेश नं. ५** | | | | | |
| १ | रूकुम (पूर्व भाग) | १ | ० | १ | ० | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | रोल्पा | २ | १ | ४ | ० | ५ |
| ३ | प्यूठान | १ | १ | ० | ० | १ |
| ४ | गुल्मी | ३ | १ | ४ | ० | ५ |
| ५ | अर्घाखाँची | २ | १ | १ | ० | २ |
| ६ | पाल्पा | ६ | ० | ९ | १ | १० |
| ७ | नवलपरासी (बर्दघाट सूस्ता पश्चिम | १ | ० | १ | ० | १ |
| ८ | रूपन्देही | ६ | ४ | ५ | ० | ९ |
| ९ | दाङ | ३ | १ | ४ | ० | ५ |
| १० | बाँके | ७ | ४ | १० | ० | १४ |
| ११ | बर्दिया | १ | ० | १ | ० | १ |
| | **जम्मा** | **३३** | **१३** | **४०** | **१** | **५४** |
| | **कर्णाली प्रदेश** | | | | | |
| १ | जुम्ला | २ | ४ | १ | ० | ५ |
| २ | दैलेख | ३ | ३ | ० | ० | ३ |
| ३ | जाजरकोट | ३ | ५ | ३ | ० | ८ |
| ४ | रूकुम (पश्चिम भाग) | ३ | २ | २ | ० | ४ |
| ५ | सल्यान | १ | १ | ३ | ० | ४ |
| ६ | सुर्खेत | ८ | ७ | १५ | ० | २२ |
| ७ | कालीकोट | ३ | २ | २७ | ० | २९ |
| | **जम्मा** | **२३** | **२४** | **५१** | **०** | **७५** |
| | **सुदूर पश्चिम प्रदेश** | | | | | |
| १ | बाजुरा | २ | २ | ० | ० | २ |
| २ | बझाङ | ४ | २ | २ | ० | ४ |
| ३ | बैतडी | ३ | १ | ३ | ० | ४ |
| ४ | डडेल्धुरा | २ | १ | १ | ० | २ |
| ५ | डोटी | ५ | ३ | ४ | ० | ७ |
| ६ | अछाम | ३ | १ | २ | ० | ३ |
| ७ | कैलाली | ७ | ४ | ३ | ० | ७ |
| ८ | कञ्चनपुर | ५ | १ | ६ | ० | ७ |
| | **जम्मा** | **३१** | **१५** | **२१** | **०** | **३६** |
| | **कूल जम्मा** | **२०४** | **९४** | **२१६** | **५** | **३१५** |

यस अवधिमा २०४ घटनाहरू मध्ये सबैभन्दा बढी १ नं. प्रदेशमा ४० वटा घटना भएका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशमा १६ वटा घटना भएका छन् । अन्य प्रदेशहरूमा ५ नं. प्रदेशमा ३३ वटा, प्रदेश नं. २ र सुदूर पश्चिम मा ३१/३१ वटा, ३ नं. प्रदेशमा ३० वटा र कर्णाली प्रदेशमा २३ वटा घटनाहरू घटेको देखिन्छ । उल्लिखित तालिकाका आधारमा प्रदेश नं. १ मा बढी घटना घटेको भएतापनि प्रभावित बालबालिका संख्या भने कर्णाली प्रदेशमा सबैभन्दा बढी ७५ जना प्रभावित भएका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशमा १९ जना छन् । प्रदेश नं. ५ मा ५४ जना, प्रदेश नं. १ मा ४७, प्रदेश नं. २ र ३ मा ४२/४२ र सुदूर पश्चिम प्रदेशमा ३६ जना बालबालिका प्रभावित भएको देखिन्छ ।

बालबालिका पीडित भएको संख्यालाई हेर्दा सबैभन्दा बढी कालीकोटमा २९ जना बालबालिका प्रभावित भएका छन् भने सुर्खेतमा २२, बाँकेमा १४, पाल्पामा १० र रूपन्देहीमा ९ जना रहेका छन् । त्यसैगरी प्रति जिल्ला ८ जना प्रभावित भएका ५ जिल्ला, प्रति जिल्ला ७ जना प्रभावित भएका ८, प्रति जिल्ला ६ जना प्रभावित भएका ३, प्रति जिल्ला ५ जना प्रभावित भएका ६, प्रति जिल्ला ४ जना प्रभावित भएका १०, प्रति जिल्ला ३ प्रभावित भएका ५, प्रति जिल्ला २ प्रभावित भएका ११ र प्रति जिल्ला १ जना प्रभावित भएका १० जिल्ला रहेका छन् ।